# नाट्यशाला (बहाल नियन्त्रण) नियमहरु, २०१७

*(मिति २०७५ साल भदौ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# नाट्यशाला (बहाल नियन्त्रण) नियमहरु, २०१७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१८।२।३०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नाट्यशाला (बहाल नियन्त्रण) नियमहरु, २०१७" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुने छन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "नाट्यशाला" भन्नाले सिंहदरबार नाचघर र त्यहाँ रहेका मालसामान समेत जनाउँछ ।

(ख) "तोकेको अधिकारी" भन्नाले नेपाल सरकारबाट यस कामको निमित्त तोकिदिएको अधिकारी सम्झनु पर्छ ।

३. इजाजतपत्र लिनु पर्ने : नाट्यशालामा नाटकको प्रदर्शन गर्न, गराउन चाहने व्यक्तिले देहायको कुरा समेत स्पष्ट खुलाई तोकेको अधिकारीको समक्ष नाटकको प्रदर्शन गर्नुभन्दा सात दिन अगावै रीतपूर्वकको दरखास्त दिनु पर्छ :-

(क) साँस्कृतिक उत्थानको निमित्त टिकट लगाई वा नलगाई देखाइने, वा

(ख) सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोष जम्मा गर्नलाई देखाइने वा,

(ग) व्यवसाय वा मनोरञ्जनको निमित्त टिकट लगाएर देखाइने, र

(घ) नाटक प्रदर्शन गर्ने अवधि र समय ।

४. इजाजतपत्र दिइने : नियम ३ बमोजिम दरखास्त पर्न आएमा तोकिएको अधिकारीले नियम ५ को अधीनमा रही तोकिएको समयको निमित्त इजाजतपत्र दिन सक्नेछ ।

५. बहाल लिइने : नियम ४ बमोजिम इजाजतपत्र लिने व्यक्तिले तोकिएको अधिकारीलाई दैनिक ने.रु. ५०।- का दरले बहाल बुझाउनु पर्छ ।

तर,

(क) साँस्कृतिक उत्थानको निमित्त टिकट नलगाई वा सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा जम्मा गर्नलाई देखाइने नाटकको निमित्त बहाल लाग्ने छैन ।

(ख) साँस्कृतिक उत्थानको निमित्त टिकट लगाई देखाइने नाटकको निमित्त दैनिक ने.रु. २५।- का दरले मात्र बहाल लाग्नेछ ।

(ग) यस नियम बमोजिम बुझाउनु पर्ने बहाल बापतको रुपैयाँको ५० प्रतिशत इजाजतपत्र प्राप्त गर्नु अगावै र बाँकी रहेको रुपैयाँ नाटक प्रदर्शनको अवधि समाप्त भएको सात दिनभित्र बुझाउनु पर्छ ।

६. इजाजतपत्रको समाप्ति : (१) यी नियमहरुमा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक सम्झेमा कुनै इजाजतपत्रको अवधि र समय हेरफेर गर्न वा कुनै इजाजतपत्रलाई स्थगित गर्न वा रद्द गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रद्द गरिएको इजाजतपत्रको अवधिको निमित्त कुनै किसिमको बहाल लाग्ने छैन ।

७. नाट्यशालाको सुरक्षा : नाट्यशालाको वा त्यसको कुनै माल हिनामिना वा नोक्सान भए गरेमा वा गराएमा सो कुराहरुको जवाफदेही नाटक प्रदर्शन गर्ने, गराउने व्यक्तिको हुनेछ ।

८. यी नियमहरु बमोजिम हुने : यी नियमहरुमा लेखिएको कुरामा यी नियमहरु बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. तोकेका अधिकारीलाई विश्वास हुनु पर्ने : साँस्कृतिक उत्थानको निमित्त गरिने भनेको नाटक प्रदर्शन वास्तवमा साँस्कृतिक उत्थानको निमित्त हो भन्ने विश्वास तोकेको अधिकारीलाई नभै यी नियमहरु बमोजिम बहालमा छुट पाउन सक्ने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।